# गुलरिया नगरपालिका


# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १ गुलरिया, चैत्र ०६ गते, २०७९ साल


## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

भूउपयोग नियमावली, २०७९ को नियम १२ को उपनियम ५ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७९/१२/०५ मा जारि गरेको कार्यविधि/**मापदण्ड**/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

संवत २०७९ सालको मापदण्ड न. ०१

**गुलरिया नगरपालिकाको जग्गा खण्डीकरण नियन्त्रण तथा व्यवस्थापन मापदण्ड, २०७९**

**आज्ञाले**

**ओमकार शाह**

**प्रमुख प्रशासकीय अधिकृत**

# गुलरिया नगरपालिकाको जग्गा खण्डीकरण नियन्त्रण तथा व्यवस्थापन मापदण्ड, २०७९

कार्यपालिकावाट स्वीकृत मिति : २०७९।१२।०५

**प्रस्तावना :**
गुलरिया नगरपालिका क्षेत्रमा "भूउपयोग ऐन, २०७६" वमोजिम भएको जग्गा वर्गीकरण अन्तर्गत जग्गाको खण्डीकरण कार्यलाई व्यवस्थित गराउने प्रयोजनार्थ आवश्यक मापदण्ड व्यवस्था गर्न वान्छनीय भएकोले भूउपयोग नियमावली, २०७९ को नियम १२ को उपनियम ५ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका, नगरकार्यपालिकाले यो मापदण्ड वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस मापदण्डको नाम " गुलरिया नगरपालिकाको जग्गा खण्डीकरण नियन्त्रण तथा व्यवस्थापन मापदण्ड, २०७९" रहेको छ ।
(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :
(क) "ऐन" भन्नाले भूउपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।
(ख) "नियमावली" भन्नाले भूउपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।
(ग) "गुलरिया नगरपालिका" भन्नाले गुलरिया नगरपालिकाको कार्यपालिका तथा वडा समिति समेत लाई सम्झनुपर्दछ ।
(घ) "वृहत्त आवास विकास कार्य" भन्नाले नयाँ वस्ती विकास अथवा व्यवस्थित वस्ती विकास गर्ने उद्देश्यले पाँच वा सो भन्दा वढी कित्ता हुने गरी हुने गरी गरिने कित्ताकाट सम्झनुपर्दछ ।

## परिच्छेद २
## जग्गा खण्डीकरण नियन्त्रण तथा व्यवस्थापन

**३. जग्गा खण्डीकरण नियन्त्रण तथा व्यवस्थापन :** (१) गुलरिया नगरपालिका मार्फत भएको जग्गा वर्गीकरण कार्य पश्चात हुने जग्गा खण्डीकरणलाई थप व्यवस्थित गराउन देहाय वमोजिम थप मापदण्ड निर्धारण गरिएको छ :
क) आवसीय क्षेत्रमा वर्गीकरण गरिएको जग्गालाई "वृहत्त आवास विकास कार्य" वाहेक अन्य जुनसुकै प्रयोजनार्थ कित्ताकाट गर्दा भूउपयोग नियमावली, २०७९ को नियम १२ को उपनियम २ को खण्ड ख आकर्षित नहुने,
ख) वृहत्त आवास विकास कार्य हो होइन भन्ने विषय गुलरिया नगरपालिकाको सिफारिसको आधारमा एकिन हुने

## परिच्छेद ३
## विविध

**११. कारवाही गर्न वाधा नहुने :** यस मापदण्ड विपरित सिफारिस गर्ने वा काम तामेल गर्ने पदाधिकारी/कर्मचारीलाई कानुन वमोजिम कारवाही गर्न यस मापदण्डले वाधा पुऱ्याएको मानिने छैन ।

**१२. बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार** : यस मापदण्डको कार्यान्वयनको सिलसिलामा कुनै द्धुबिधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा कुनै संशोधन गर्नुपरेमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

आज्ञाले
ओमकार शाह
प्रमुख प्रशासकीय अधिकृत